नेपाल सरकार

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर

## उद्धार, राहत र पुन:स्थापनामा जुट्न
## राष्ट्रिय युवा परिषद्को अपिल

कर्णाली प्रदेशको जाजरकोटलाई केन्द्रविन्दू बनाई शुक्रबार मध्यराति गएको ६.४ रेक्टरस्केलको भुकम्पको कारण ठुलो मानवीय र भौतिक सम्पतिको क्षती हुन गई जनजीवन अस्तव्यस्त भएको छ। यो महाविपत्तिमा जीवन गुमाउने सवै दाजुभाइ तथा दिदीवहिनीप्रति भावपुर्ण श्रध्दाञ्जली, शोकाकुल परिवारजनमा गहिरो समवेदना र घाइतेहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

यस दु:खद घडीमा राष्ट्रिय युवा परिषद्मा आवद्ध एवम् सहकार्यमा रहेका सवै युवा केन्द्रित संघ, संस्था, सञ्जाल र निकायहरू, सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी सामाजिक संघ संस्थाहरू, युवा विद्यार्थी संघसंगठनहरू र जिल्ला युवा समितिहरूलाई आ-आफ्नो कार्यक्षेत्रबाट तत्काल आवश्यक उद्दार, राहत तथा पुन:स्थापनामा सहयोग पुर्याउन हुन राष्ट्रिय युवा परिषद् हार्दिक आह्वान् गर्दछ।

उद्दार, राहत तथा पुन:स्थापना कार्यमा सहयोग गर्दा सोझै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष (राष्ट्रिय वाणिज्य वैंक, PM Daibi Prakop Udar Kosh खाता नं. ११३०१००००३७६२००१) मा वा स्थानीय तह एवं जिल्ला प्रशासन कार्यालयसंग समन्वय र सहकार्यमा गर्न हुन अनुरोध गरिन्छ। साथै विपद्को समयमा सहयोगको लागि कार्यरत सामाजिक संघसंस्थाहरूलाई सहजरूपमा कार्यसम्पादन गर्ने वातावरण मिलाई सहयोग गरिदिन हुन सम्बन्धित स्थानीय तह तथा जिल्ला प्रशासन कार्यालयहरूलाई परिषद् हार्दिक अनुरोध गर्दछ।

**सुरेन्द्र बस्नेत**
कार्यकारी उपाध्यक्ष

कार्तिक २० २०८०